**g]kfn /fi^ a}s**
**ueg/ sf]sfofno**
**hg;Dks dxfzfvf**

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं**
फोन नं. ४४११११९८
फ्याक्स नं. : ४४११११९८
Website: www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्सः ७१

पत्रसंख्याः

मिति : २०६३।११।९

## नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको मध्यावधि समीक्षा सार्वजनिक गरेको सम्वन्धमा जारी गरेको प्रेस विज्ञप्ती

१. नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको मध्यावधि समीक्षाका मुख्य अंशहरू निम्न रहेका छन् ।

**समष्टिगत आर्थिक स्थिति**

२. आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनासम्म प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली अर्थतन्त्रमा मिश्रित परिणामहरू देखिएका छन् । आर्थिक वृद्धि दर न्यून रहने संकेत देखिएको छ भने मुद्रास्फीतिमा केही चापको स्थिति देखिएको छ । सरकारी बजेट बचतमा रही नेपाल सरकारको राष्ट्र बैंकसँग नगद मौज्दातको स्थिति रहेको छ। सरकारी खर्चको तुलनामा राजस्व र विदेशी नगद अनुदानको वृद्धि उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो । सरकारी बजेट बचतमा रहेको र निजी क्षेत्रमा जाने बैंक कर्जा वृद्धि अपेक्षा गरिएको भन्दा न्यून रहेकोले मौद्रिक बिस्तार नियन्त्रित छ । मुलुकको समग्र शोधनान्तर बचतमा रहे तापनि वाह्य क्षेत्र उत्साहजनक छैन । निर्यातमा ह्रास आएको छ भने आयातको वृद्धिदर घटेको छ । सेवा क्षेत्रबाट प्राप्त हुने खुद आप्रवाह ह्रासोन्मुख छ । निजी क्षेत्रको विप्रेषण आप्रवाहको वृद्धिदर घटेको छ । फलस्वरूप, चालू खाता घाटामा छ । पूँजीगत विप्रेषण र आयातका लागि तिर्नुपर्ने विदेशी व्यापार कर्जा (trade credit) का कारण मुलुकको शोधनान्तर बचतमा रहेको छ । शोधनान्तर बचतका आधारहरू भने दिगो र भरपर्दा देखिंदैनन् ।

३. कुल गार्हस्थ्य उत्पादनतर्फ, मौसम प्रतिकूल रहेकोले धान वालीको उत्पादन १२.६ प्रतिशतले घट्ने देखिएकोले कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर सीमान्त रहने देखिएको छ । आन्तरिक द्वन्द्व र राजनैतिक अस्थिरताको समाप्ति भई औद्योगिक वस्तुहरूको उत्पादन बढ्ने अनुमान गरिए पनि वाह्य मागमा कमी, उद्यमी र मजदूरबीच असमझदारी, विद्युत् आपूर्तिमा अनियमितता र राजनैतिक संक्रमणकालका कारण लगानीमा वृद्धि हुन नसक्नाले औद्योगिक उत्पादन अपेक्षित रूपमा बढ्न सकिरहेको छैन ।

४. आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.६ प्रतिशत रह्यो । गत वर्षको सोही अवधिमा उपभोक्ता मुद्रास्फीति ७ प्रतिशत थियो । केही खाद्यजन्य वस्तुहरूको मूल्यवृद्धि र गत वर्ष दुई पटक पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धिको अन्तराल प्रभावस्वरूप समीक्षा अवधिमा वार्षिक बिन्दुगत मुद्रास्फीति उच्च रहेको हो ।

५. बाह्य क्षेत्रतर्फ, आर्थिक वर्ष २०६३/६४ को पहिलो पाँच महिनामा कुल निर्यात ०.९ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा कुल निर्यात १२.५ प्रतिशतले बढेको थियो। औद्योगिक क्षेत्रमा देखिएको शिथिलताले गर्दा समीक्षा अवधिमा कुल आयात ८.५ प्रतिशतले मात्र बढेको छ। गत वर्षको सोही अवधिमा कुल आयात २२.८ प्रतिशतले बढेको थियो। निजी क्षेत्रको विप्रेषण आप्रवाह गत वर्ष ४२.५ प्रतिशतले बढेकोमा यस अवधिमा ९.५ प्रतिशतले मात्र बढेको छ। पूँजीगत विप्रेषण र आयातबापत तिर्नुपर्ने व्यापार कर्जाका कारण यस अवधिमा रू. ५ अर्ब ६८ करोडको शोधनान्तर बचत भएको छ। फलस्वरूप विदेशी विनिमय संचिति २०६३ मंसीर मसान्तमा रू. १७१ अर्ब पुगेको छ। यो स्तरको विदेशी विनिमयले १०.८ महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

६. सरकारी खर्चको वृद्धिदर भन्दा राजस्व र वैदेशिक नगद अनुदान आप्रवाह वृद्धि उच्च रहेकोले नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रू. २ अर्ब ६५ करोडले बचतमा छ। समीक्षा अवधिमा नेपाल सरकारले आन्तरिक ऋण रू.३ अर्ब ६८ करोड र विदेशी नगद ऋण रू. १ अर्ब ९० करोड परिचालन समेत गरेकोले राष्ट्र बैंकसँग सरकारको नगद मौज्दात कायम रहन गएको छ।

७. गत वर्ष ४.७ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०६३।६४ को पहिलो पाँच महिनामा ४ प्रतिशतले बढेको छ। नेपाल सरकारको  बजेट बचतमा रहेको र निजी क्षेत्रमा कर्जा बिस्तार खासै बढ्न नसकेको जस्ता आन्तरिक कारणले र वस्तु निर्यातमा ह्रास तथा निजी क्षेत्रको विप्रेषण आप्रवाह दरमा कमी आएको जस्ता बाह्य कारणले गर्दा मौद्रिक बिस्तार नियन्त्रित अवस्थामा रहेको हो।

८. चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा बैकिङ्क क्षेत्रबाट निजी क्षेत्रतर्फ जाने कर्जा ६.५ प्रतिशत र कूल आन्तरिक कर्जा २.८ प्रतिशतले मात्र बढेको छ। गत वर्षको सोही अवधिमा निजी क्षेत्रतर्फ गएको कर्जा ६ प्रतिशतले र कुल आन्तरिक कर्जा ३.७ प्रतिशतले बढेको थियो।

९. मौद्रिक व्यवस्थापनतर्फ, आर्थिक वर्ष २०६३/६४ को पहिलो छ महिनामा बिक्री बोलकबोल मार्फत रू. ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोल मार्फत रू. १३ अर्ब ५६ करोड गरी जम्मा रू. १९ अर्ब ४५ करोड तरलता प्रशोचन भएको छ। फलस्वरूप वाणिज्य बैंकहरूको तरलताको स्थिति सामान्य रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा खुलाबजार कारोवार मार्फत रू. ७ अर्ब ७७ करोड खुद तरलता प्रशोचन भएको थियो। रिपो र रिभर्स रिपो कारोवारलाई कानूनी आधार दिन यस बैंकले वाणिज्य बैंकहरूसँग मास्टर रिपर्चेज सम्झौता समेत गरिसकेको छ। साथै अल्पकालीन खुला बजार कारोवारलाई थप लचकदार बनाउन रिपो र रिभर्स रिपो कारोवारको अधिकतम समयावधि ७ दिनबाट २८ दिन पुऱ्याइएको छ।

१०. नेपाल राष्ट्र बैंकसँग आवश्यक मात्रामा ट्रेजरी बिल्सको परिमाण नभएको र वाणिज्य बैंकहरूसँग निजी क्षेत्रमा कर्जा विस्तारको लागि आवश्यक मात्रामा तरलता रहिरहोस् भन्ने उद्देश्यले समीक्षा अवधिमा मौद्रिक व्यवस्थापनको उपायको रूपमा बिक्री बोलकबोलको तुलनामा रिभर्स रिपो बोलकबोलमाथि बढी जोड दिइएको हो।

११. केही वाणिज्य बैंकहरूमा तरलताको समस्या देखिएकोले स्थायी तरलता सुविधाअन्तर्गत भने समीक्षा अवधिमा कुल रू ८ अर्ब १९ करोड तरलता प्रवाह भयो।

१२. समग्र शोधनान्तर स्थिति बचतमा रहे तापनि, भारतसँगको शोधनान्तर स्थिति घाटामा रहने प्रवृत्ति यथावत रहेकोले भा.रू. संचिति व्यवस्थापन गर्न भने जटिल भएको छ। भा.रू. सञ्चिति व्यवस्थापन गर्ने क्रममा यस बैंकले अमेरिकी डलर भुक्तानी गरी भारतबाट आयात गरिने वस्तुहरूको संख्या क्रमश: आवश्यकताअनुसार बढाउँदै लगेको छ। हाल यस्ता वस्तुहरूको संख्या ९१ रहेको छ। आर्थिक वर्ष २०६३।६४ को पहिलो पाँच महिनाको अवधिमा अमेरिकी डलर भुक्तानी गरेर भारतबाट रू ५ अर्ब ८८ करोड बराबरको आयात भयो, जुन भारतबाट भएको कुल आयातको १२ प्रतिशत हुन आउँछ। थप २० वटा वस्तुहरूलाई भारतबाट अमेरिकी डलर भुक्तानी गरी आयात गर्न सकिने तयारी यस बैंकले गरिरहेको छ।

१३. भारतमा वस्तु तथा सेवा निर्यातबाट प्राप्त हुने भारतीय मुद्राको तुलनामा भारतबाट आयात गरिने वस्तु तथा सेवाको भुक्तानीको मात्रा उच्च रहेकोले यस बैंकले आर्थिक वर्ष २०६३।६४ को पहिलो छ महिनाको

अवधिमा अमेरिकी डलर ३९ करोड बिक्री गरेर भा.रू. १७ अर्ब ७२ करोड खरिद गर्‍यो । आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा अमेरिकी डलर २९ करोड बिक्री गरेर भा.रू. १२ अर्ब ९० करोड यस बैंकले खरिद गरेको थियो । भारततर्फको निर्यातमा ह्रास र नेपाल आयल निगमले भारतीय आयल निगमलाई भुक्तानी बढाउँदै लगेकोले पनि भा.रू. सञ्चिति घट्ने क्रममा रहेकोले समीक्षा अवधिमा अमेरिकी डलर बिक्री गरेर भा.रू. खरिदको परिमाण उच्च रहेको हो ।

१४. नेपाली रूपैयाँ अमेरिकी डलरसँग थप अधिमूल्यित नहोस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६३।६४ को पहिलो छ महिनाको अवधिमा यस बैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी रू ३४ अर्ब ३२ करोड बराबरको अमेरिकी डलर खरिद गरी तरलता प्रवाह गर्‍यो । आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा रू २२ अर्ब ५० करोड बराबरको अमेरिकी डलर खुद खरिद गरी तरलता प्रवाह भएको थियो ।

**वित्तीय तथा वाह्य क्षेत्र सुधार कार्यक्रम**

१५. वित्तीय क्षेत्र सुधार कार्यक्रमअर्न्तगतको नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना, नेपाल राष्ट्र बैंकको रि-ईन्जिनियरिङ र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि जस्ता कार्यहरूलाई निरन्तरता दिईएको छ । यसक्रममा निष्क्रिय कर्जा अनुपात २०६३ असारमा १३.८ प्रतिशत रहेकोमा २०६३ पुष मसान्तमा १०.५ प्रतिशतमा झरेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको ऋणात्मक पूँजीकोषलाई सुधार गर्न नेपाल सरकार समक्ष उपयुक्त पूँजीकोष योजना पेश गरी कारवाही अगाडि बढाउने र यिनीहरूको निजीकरण गर्ने प्रयोजनका लागि निजीकरण सल्लाहकार नियुक्त गरी due diligence audit गराउने कार्यको लागि प्रतिवेदन तयारपारी अर्थ मन्त्रालयमा पेश गरिसकिएको छ ।

१६. नेपालले विश्व व्यापार सङ्गठनमा सदस्यता लिंदा सन् २०१० देखि वित्तीय क्षेत्रलाई खुला गर्ने प्रतिबद्धता जाहेर गरेबमोजिम विदेशी बैंकका शाखाहरूलाई थोक बैंकिङ्ग कारोवार गर्ने गरी प्रवेश गराउने सम्बन्धमा यस बैंकले प्रारम्भिक अध्ययन प्रतिवेदन तयार पारिसकेको छ । यसको कार्यान्वयनको लागि आवश्यक पूर्वाधारहरू तयार गर्दै लगिने सम्बन्धमा नेपाल बैंकर्स संघको प्रतिक्रिया लिने कार्य भइरहेको छ ।

१७. विगतमा बन्दभएका शाखाहरू पुनर्स्थापन गर्न यस बैकको स्वीकृति लिनुनपर्ने, केवल जानकारी गराए मात्र पुग्ने निर्देशन जारी गरिएको छ । यसबाट ग्रामीण क्षेत्रमा क्रमशः बैंक शाखाहरू विस्तार हुने अपेक्षा गरिएको छ ।

१८. ग्रामीण क्षेत्रमा माग हुने लघु कर्जाको विस्तार र कुशलता बढाउन यस बैंकले "राष्ट्रिय लघु वित्त नीति" को परिमार्जित मस्यौदा नेपाल सरकार समक्ष पेश गरेको छ । लघु वित्त क्षेत्रमा निजी क्षेत्रको संलग्नता बढाउन ग्रामीण विकास बैंकहरूको निजीकरण प्रक्रिया जारी छ । साथै, विद्यमान पूँजीमा नै पहिले १० जिल्लामा कार्यक्षेत्र रहेका लघु वित्त विकास बैंकहरूले थप ५ वटा पहाडी जिल्ला समेत गरी १५ जिल्लामा लघु वित्त कार्यक्रम सञ्चालन गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ ।

१९. विदेशी विनिमय कारोवारलाई थप उदारीकरण गरिएको छ । वाणिज्य बैंकहरूले अमेरिकी डलर २५०० सम्मका सटही सुबिधा सोझै प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । उनीहरूले Already Shipped Documents को आधारमा प्रतीतपत्र संशोधन गर्न सक्ने व्यवस्था पनि गरिसकिएको छ ।

२०. यस बैंकबाट स्वीकृत प्राप्त मनिचेन्जर फर्म/कम्पनीले यस आर्थिक वर्षदेखि आफूले प्राप्त गरेको विदेशी मुद्रा (क) वाणिज्य बैंकहरूलाई बिक्री गर्न सक्ने (ख) प्रचलित व्यवस्थाअन्तर्गत रही मनिचेन्जर फर्म/कम्पनीहरूले नेपालका बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने र (ग) प्रचलित व्यवस्थाअन्तर्गत रही त्यस्ता कम्पनीहरूले पासपोर्ट बापतको सटही सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

**आर्थिक तथा मौद्रिक प्रक्षेपण**

२१. मौसमी प्रतिकूलताका कारण धानवालीमा उल्लेख्य ह्रास आएकोले यस वर्षको कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ०.७ प्रतिशत रहने अनुमान छ । गैरकृषि क्षेत्रको वृद्धिदर पनि अपेक्षित रहने देखिंदैन ।

औद्योगिक सम्बन्धमा देखिएको समस्या, दैनिक ६ घण्टा लोडसेडिङको अवस्था र बाह्य माग ह्रासोन्मुख रहेकोले गैरकृषि क्षेत्रको उत्पादन खासै बढ्ने देखिंदैन। त्यस्तै, नेपाल सरकारको पूँजीगत खर्चमा पनि अपेक्षित विस्तार आउन सक्ने देखिदैन। यी कारणहरूले गर्दा यस आर्थिक वर्षको आर्थिक वृद्धिदर ३.८ प्रतिशत रहने प्रक्षेपण छ।

२२. वार्षिक मौद्रिक नीतिमा प्रक्षेपण गएिको औसत उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतबाट बढेर ६.६ प्रतिशत रहने संसोधित अनुमान छ। खाद्यजन्य वस्तुहरूको अपेक्षा गरेको भन्दा मूल्य वृद्धि उच्च रहेकोले उपभोक्ता मुद्रास्फीति पहिले अनुमान गरेको भन्दा बढ्ने संशोधित प्रक्षेपण गरिएको हो।

२३. शोधनान्तर बचत पहिले प्रक्षेपण गरिएको रू. १६ अर्बको तुलनामा रू. १० अर्ब रहने संशोधित अनुमान छ। निर्यात घट्ने क्रममा रहेको, निजी क्षेत्रको विप्रेषण आप्रवाहको वृद्धिदर कम रहेको र नेपाल सरकारले बजेटको मध्यावधि समीक्षामा विदेशी अनुदान र ऋण पहिले अनुमान गरेभन्दा कम रहने संशोधित अनुमान गरेकोले शोधानान्तर बचत कम हुने संशोधित अनुमान गरिएको हो।

२४. आर्थिक वर्ष २०६३।६४ मा विस्तृत मुद्राप्रदाय भने पहिले अनुमान गरेझैं १६ प्रतिशतको हाराहारीमा रहने अनुमान छ। आर्थिक वर्ष २०६३।६४ को पहिलो पाँच महिनाको अवधिमा अघिल्लो वर्षको तुलनामा विस्तृत मुद्राप्रदायको वृद्धिदर न्यून रहे पनि आगामी दिनहरूमा संविधान सभाको निर्वाचनका कारण समेतले साधारण खर्चमा चाप पर्ने र पूँजीगत खर्च बढ्न सक्ने भएकाले कुल आन्तरिक कर्जामा तदनुरूप वृद्धि हुने अनुमानको आधारमा सो प्रक्षेपण गरिएको हो।

**मौद्रिक उपाय**

२५. मौद्रिक नीतिको प्राथमिक लक्ष्य आन्तरिक मूल्य स्थिरता रहे तापनि मुद्रास्फीति र आर्थिक वृद्धिबीच सन्तुलन कायम गर्ने तथा शोधनान्तरमा आवश्यक स्तरको बचत कायम गर्ने गरी यस बैंकले मौद्रिक नीति सञ्चालन गर्दै आएको छ।

२६. हाल मूल्य स्थितिमा अनुमान गरेभन्दा सीमान्त रूपले चाप देखिएको छ। मूल्यमा केही चापको स्थिति अन्य मुलुकहरूमा पनि देखिएको छ। नेपालमा र अन्य मुलुकमा मूल्यमा चापको स्थिति आउनाका कारणहरू फरक छन्। अन्य मुलुकहरूमा समष्टिगत माग, मुद्राप्रदाय र बैंक कर्जामा उल्लेख्य वृद्धि प्रमुख कारणहरूको रूपमा देखिएका छन्। यसको विपरीत नेपालमा निजी क्षेत्रको लगानी बढ्न नसकेको, नेपाल सरकारको कुल खर्च नियन्त्रित रहेको र बाह्य मागमा पनि कमी आएकोले समष्टिगत माग न्यून छ। बैंक कर्जा वृद्धि शिथिल रहेकोले मौद्रिक विस्तारलाई मुद्रास्फीतिमा देखिएको चापको कारणको रूपमा लिन सकिंदैन। खाद्यजन्य वस्तुहरूको मूल्य वृद्धि भएकोले समग्र मूल्यमा चापको स्थिति देखिएको हो। तसर्थ, मुद्रास्फीति नियन्त्रण गर्न मौद्रिक उपायमा परिवर्तन गर्नु आवश्यक देखिंदैन।

२७. विगतको जस्तो वाणिज्य बैंकहरूसँग अधिक तरलताको स्थिति नरहे तापनि आर्थिक गतिविधि विस्तारका लागि आवश्यक मात्रामा तरलता विद्यमान छ। अल्पकालीन ब्याजदर न्यून रहनु यसको संकेत हो। आवश्यकताअनुसार तरलता प्रवाह गर्न वा प्रशोचन गर्न खुला बजार कारोवार लचक रहेको स्थिति छ। वाणिज्य बैंकहरूसँग प्रयाप्त मात्रामा नेपाल सरकारको ट्रेजरी बिल्सको परिमाण रहेकोले आवश्यकताअनुसार खुला बजार कारोवारमार्फत् तरलता प्रवाह गर्न सकिने स्थिति छ भने मौद्रिक प्रयोजनको निम्ति बजेटमा उल्लेख भए जति परिमाणको आन्तरिक ऋणमध्येबाट ट्रेजरी बिल्स जुनसुकै समयमा निष्काशन गर्न सकिने व्यवस्थाका लागि यस बैंकलाई नेपाल सरकारबाट सहमति समेत प्राप्त भइसकेकोले आवश्यकता अनुसार खुला बजार कारोवारमार्फत् थप तरलता प्रशोचन गर्न सकिने स्थिति छ। यस पृष्ठभूमिमा आर्थिक गतिविधि विस्तार गर्न मद्दत पुऱ्याउने उद्देश्यले बैंकदर र अनिवार्य नगद अनुपात जस्ता मौद्रिक उपायमा परिवर्तन गर्न आवश्यक नरहेको यस बैंकको विश्लेषण छ। यसका अतिरिक्त शोधनान्तर बचत पहिले लक्ष्य गरिएभन्दा केही न्यून रहने देखिए पनि रू. १० अर्ब बचत रहन सक्ने संशोधित अनुमानको सन्दर्भमा पनि यस बैंकले हाल मौद्रिक नीतिको विद्यमान अडानमा कुनै परिवर्तन गर्नुपर्ने देखेको छैन।

**निष्कर्ष**

२८. पहिलो छ महिनाको अवधिसम्मको आर्थिक तथा मौद्रिक स्थिति र मौद्रिक नीतिको कार्यान्वयन स्थिति समेटिएको प्रस्तुत मौद्रिक नीतिको मध्यावधि समीक्षाले मौद्रिक नीति सञ्चालनको पारदर्शिता बढाउन सहयोग मिल्ने यस बैंकको विश्वास छ। साथै, यस समीक्षाबाट मौद्रिक नीतिमा उल्लेखित र कार्यान्वयन हुन बाँकी काम कारवाही अगाामी दिनमा प्राथमिकता साथ अगाडि बढाउन सजिलो हुने यस बैंकको धारणा छ। आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिमा उल्लेखित कार्यक्रमहरू समीक्षा अवधिमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु हुने सम्वद्ध सबैप्रति बैंक हार्दिक आभार व्यक्त गर्दछ।

२९. आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको मध्यावधि समीक्षाको विस्तृत विवरण, नीतिगत व्यवस्थाहरूको मध्यावधि प्रगति तालिका र तथ्याङ्कका तालिका सूचीहरू नेपाल राष्ट्र बैंकको वेवसाइट (www.nrb.org.np) को Media Release Section मा राखिएको छ।

(साधना उपाध्याय)
निर्देशक